नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:-२२९

मितिः- २०८०/०९/०२

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. ३७ मिति २०८०/०८/२७ को कृषि क्षेत्रतर्फ विनियोजित बजेटको विवरण उपलब्ध गराइदिने सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी माग भएबमोजिमको विवरण कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन शाखाको इमेल ठेगाना me_moad@yahoo.com मा पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

योजना तथा विकास सहायता समन्वय महाशाखा

(अनुगमन तथा मुल्याकंन शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल

पत्र संख्या:अ.तथा मु.शा.

च.नं. ३६

मिति २०८०।०८।२७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषय: कृषि क्षेत्रतर्फ विनियोजित बजेट सम्बन्धी विवरण उपलब्ध गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधान २०७२ बमोजिम संघीयता कार्यान्वयनसंगै स्थानीय तहहरुबाट स्थानीय स्तरको कृषि तथा पशुपन्छी विकासका लागि स्थानीय तहको आन्तरिक श्रोतबाट कृषि र पशुपन्छी क्षेत्रको विकाससंग सम्बन्धित कार्यक्रमहरु संचालन हुँदै आएको छ। स्थानीय तहहरुबाट कृषि क्षेत्रमा भएको बजेट तथा लगानीको विश्लेषण गर्न तथा आगामी दिनमा बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुग्ने उद्देश्यका लागि स्थानीय तहहरुबाट कृषि क्षेत्र (कृषि र पशुपन्छी) तर्फ विनियोजित बजेट सम्बन्धी विवरण देहाय अनुसारको फर्मेटमा यस मन्त्रालयको ईमेल ठेगाना me_moad@yahoo.com मा (softcopy समेत) यथाशिघ्र आइपुग्ने गरी तँहा मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा परिपत्र तथा निर्देशन गरिदिनुहुन अनुरोध छ।

जिल्ला :                    स्थानीय तहको नाम:

| क.स. | आ.व. | स्थानीय तहको कुल वार्षिक बजेट रु. | स्थानीय तहबाट कृषि तथा पशुपन्छी विकासतर्फ विनियोजित बजेट रु. |
|---|---|---|---|
| १ | ०७५।७६ | | |
| २ | ०७६।७७ | | |
| ३ | ०७७।७८ | | |
| ४ | ०७८।७९ | | |
| ५ | ०७९।८० | | |
| ६ | ०८०।८१ | | |

(डा.राजेन्द्र प्रसाद मिश्र)

सहसचिव